# सुन्दरी चौधरी

सुन्दरी बोल्नुहुन्छ ? तपाईले भन्नुपर्दा चाहिँ एकदमै खुलेर चाहिं तपाइको बाल्यकाल कस्तो थियो अनि तपाईले के के अब देख्नुभयो त्यतिखेर आन्दोलन हुनुभन्दा अगाडि तपाईले के के देख्नु भयो के के गर्नुभयो त्यो सानो सानो कुराहरु नै त्यसरी नै भनिदिनुहोस् न है ?

हुन्छ नमस्कार मेरो नाम सुन्दरी चौधरी हो । म पहिला त कमैया सिविसरमा बस्थे अब अहिले चाहिँ यहाँ धनगढीमा बस्छु । अब गएको के भन्छ बितेको आफ्नो सबै कुरा भन्छु । म सानो हुँदा खेरी पहिला हाम्रो आमाबुवाले नाजुक अवस्था थियो हाम्रो घरको हाम्रो घरको खाना नपुग्ने कहिले दाल मात्र खाएर बस्ने कहिले आलु मात्र खाएर बस्ने गर्थे त्यस्तै गर्दागर्दै अब मेरो बुवाले के भन्यो खाना पुगेन भनेर जमिन्दारसँग ल्याउने के धान मागेर ल्याउने केही चामल सामाल मागेर ल्याउने उ जस्तै पहिला त खौरी भन्ने त्यसको लागि एक मन धान ल्याएपछि जमिन्दारले कति लेखिदिने दुइ मन धान भनेर त्यो लेखिदिने क्या साउँ ब्याज बनाएर त्यस्तै गर्दागर्दै पछि मलाई मेरो बुवाले काम गर्न यहाँ पठाएको थियो । म सात वर्षको उमेर थियो । यि मोतीरामको जमिन्दारकोमा अहिले यो स्कुल खोलिएको थियो नि बोर्डिङ स्कुल त्यसको आमाले एक वर्ष काम गर्यो हेर्नुहोस् मैले काम गर्न नसक्ने म पहाडे भाषा के हो भन्ने त्यो कुरा पनि नबुझ्ने अब त्यो सानो बच्चा त भैहाल्यो त्यो दाउरा ल्याउ भन्यो दाउराको लागि अब त्यो भन्यो मैले तरकारी चलाउने पनिउ लगिदियो हेर्नुस् । यो पनिउले उल्टो मलाई हानी दियो हेर्नुहोस् उसको बुढीले त्यस्तै गर्दागर्दै पछि पछि त्यो उसको छोरा थियो त्यो हरी भन्ने अलि उ ठुलो थियो अनि म सानो थिए अनि उसको आमाले मलाई हान्दा खेरि त्यो आफ्नो मेरो तिर लाग्ने के पछि आमाछोरा चाहिँ मिठो मिठो खाने काम गर्नेलाई चाहिँ नराम्रो खानेकुरा दिने मलाई अनि उसको छोराले लुकाई लुकाई मलाई कहिलेकाहीँ बिस्कुटहरु ल्याएपछि दिने गर्थे यहाँ अनि एक वर्ष लगभग लगभग एक बर्ष कटाए । अनि पुसको महिना राजाको जन्मदिन थियो हैन ? माघ महिना पनि पुग्नुपर्ने थियो पुसको महीनामा मलाई कस्तो कुटेको थियो । उसको अर्को छोरी पाएको थियो अनि उस्को

LOOM

छोरी यस्तै खाटमा सुताएको रहेछ । अनि ऊ गयो विस्तारा लगाउन म गए पिसाब फेर्न अनि बच्चा पल्टिएर खस्यो मेरो बच्चालाई मारिस् भनेर मेरो जगल्टा समातेर घुमाई घुमाई मलाई कुटेर यस्तरी कुटेर पछि मेरो त्यही ....... फुपुलाई गएर किन कुट्या छस् यो बच्चालाई काम गर्नलाई ल्याएको होस् कि तलाई कुट्नलाई भन्या रहेछ उसको लोग्नेलाई अनि उसको लोग्नेले पछि आफ्नो बुढीलाई एकदिन बेस्सरी कुटिएको रहेछ । जसलाई काम गर्न ल्यायो त्यसलाई नै त्यस्तो गर्छ भने कसले काम गर्छ यहाँ ? भनेर जुन मैले पुसको महीनामा भागेर गइहाल्यो । सानो बच्चा थियो मेरो फुपूहरु आफैँ उनको पछि पछि लुकि लुकि भागेर गए हेर्नुहोस उनीहरूले नआ नजा अहिले तेरो बुवाले हामीलाई कुट्छ मेरो छोरीलाई भगाएर ल्यायो भनेर गाली गर्छ भनेर म लुकीलुकी भागेर गए एक महिनामात्र बर्ष पुगाउनु थियो तैपनि एक क्विन्टल धानको लागि एक वर्षमा पनि कटेन हेर्नुहोस एकवर्षमा कटेन त्यसपछि फेरि त्यो एक कुन्टल धानको पुरै पैसा लियो ।

जेहोस् नौ महिना काम गरेको गल्ती नै गर्यो ।

गल्ति नै गर्यो त्यही कुटाई खाई खाई गरेर अनि त्यसपछि घर गए घर मेरो बुवाले म बाह्र बर्षको भएको बेलामा मेरो बिहे गरिदिनुभयो हेर्नुहोस् १२ वर्षको उमेरमा मेरो बिहे गरिदिएपछि म नजाने बुवा भन्नेजस्तो लोग्ने बुवा भन्नेजस्तो लोग्ने थियो अनि त्यसपछि म नजाने त्यहाँ पुर्याउने बित्तिकै म फेरि भागेर गईहाल्थे । अनि सट्टापट्टा पहिला त छोरी दिने बुहारी ल्याउने काम गर्थ्यो पहिला अनि बुहारी चाहिँ ठूलो दाई ठूलो म चाहिँ सानो मेरो लोग्ने चाहिं बढ्ढो जस्तो त्यो बढ्ढोलाई गाएको थियो अनि पछि मैले भागेर गई हाल्ने अनि पछि बुवाले त जान्दैन भने बुहारी आउँदै न भनेर मलाई बेस्सरी कुट्ने कुटेर फेरि पुर्याईदिने त्यहाँ त्यस्तो गर्दागर्दै पछि मैले लास्टमा त्यही गाउँको मान्छेले त्यो मान्छे पनि राम्रो छैन यो बच्चीलाई बरु अलग गर्देउ भनेर अर्को ठाउँमा मलाई त्यो गरिदियो भनौँ बिवाहा गरिदियो । मलाई थाहा पनि थिएन मलाई मेरो बिहे गरिदिएको छ भनेर बोलाएर जाउँ खेल्न भनेर लगेर त्यहाँका धुमधाम गरेर मलाई आफूसँग बिहे गरिदियो । अनि त्यसै गर्दागर्दै पछि त्यो घरको मान्छे यति ठुलो घरको मान्छे थियो भने घर फाट्यो अर्को साल घर फाटेको बेलामा हामीलाई केही दिएन । जग्गा जमिन पनि दिएन खाली लोह धान पिसाउने मात्र बाँडेर दियो । पछि त्यहीँ दिनदेखि फेरी कमैयामा

लागैँ कमैया लागे अनि त्यो पर्खाल घर बनाउन भाडा धोएर फेरि त्यहाँ पहिला त मिलहरु केही थिएन ढिकी कुट्नु पर्थ्यो । त्यहीले ढिकी कुटाउने अनि त्यो जमिनदारको घरमा काम गर्दाखेरि यस्तै-यस्तै गर्दा १५ वर्षमा मेरो एउटा छोरा भयो छोरा भइसके पछि उहाँबाट मैले त्यो जमिन्दारको घर छोडिदिए छोडेर पछि एक वर्ष मैले माइत बसे । माइत बस्दा खेरी मेरो लोग्नेले कमाएर पुर्याउँथ्यो धान सवै चिज । उतै बस्थैँ म बिरामी हुँदा खेरी त्यसै गर्थ्यो पछि त्यो गर्दागर्दै एक साल अतरिया गए अतरियामा मिलमा काम गर्थे त्यो बुढा चाहिँ यहाँ गर्थे ......एउटा चौधरीको घरमा हलिया गर्थ्यो । त्यहाँ हलिया गर्दा खेरि यहिँ साल हामी मुक्ति भयो । त्यहाँबाट छोडेर अर्को उहाँ म अतरिया मिलमा काम गर्न गए । त्यही साल मुक्तिको भयो अनि मुक्ति भयो आन्दोलन गर्दा खेरि ५६ सालमा ५६ सालमा हामी उहाँ बसैँ अतरियामा यहाँ डेल्ली आन्दोलन गर्न जान्थे म भन्थे उनीहरुलाई के को आन्दोलनमा जानु हुन्छ । हजुरले जुन घरमा म भाडामा बस्थे त्यहि घरको मान्छेले डेल्ली आन्दोनमा आउने हर्नस् । त्यो शिरीराज पन्थ कमैयाहरुलाई छुटाउनको लागी उनीहरु २० ओटा कमैयाहरु थिए शिरीराज पन्थको कमैयाहरु आन्दोलनको लागी आन्दोलन गर्न डेल्ली आउने एक दुई दिनपछि मैले सोधे हजुरहरु के को आन्दोलनमा जानुहुन्छ दिनकादिन जानुहुन्छ । मैले सोध्दाखेरी उनीहरु के भन्छन् भने दिदि तपाईहरु गए हुन्छ तपाईहरुको जग्गा पनि छैन । यो भाडामा कतिसम्म बस्ने सोचे सोचे एक दिन आए हेर्नुस् असारको १५ गते बेस अफिसमा आए अनि सोध्यो । सर के के गर्नुपर्छ केहो कसो हो मलाई केहि थाहा थिएन हेर्नुहोस् । कानुनको कुरा पनि केहि थाहा थिएन । पछि उनीहरुलाई भन्यो धेरै दिनसम्म तालिम दियो त्यस पछि कानुनको कुरा अलिअलि बुझ्यो सबै यस्तो कुरा बुझदाखेरि बल्ल थाहा पाए कि हामी थारु भनेको यस्तो हो । अनि बुझिसके पछि बल्ल हाम्रो सरहरुसँग भेट्भयो सबैसँग धेरैजना थिए । त्यो हुदा खेरि भेट हुदाखेरि आन्दोलन गर्दाखेरि सबैसँग भेट्भएर आन्दोलन सफल गर्यौं ।

तपाईले चाहिँ समुहहरु यस्तोमा चाहि हुनुहुदैन् थियो ?

म समुहहरुमा थिइन ।

तपाई यता मिलमा काम गर्दाखेरि चाहिँ अनि त्यसपछि आन्दोलनको बारेमा थाहा पाएर चाहिँ जानु भयो ?

म अतरिया जादाखेरि म तीन ठाउँमा काम गर्दथे हेर्नुस्। एक ठाउँमा दिन भरिकाम गरेर जम्मा ४० रुपैयाँ दिन्थ्यो । अनि पछि दुई ठाउँमा भाँडा माझ्न जान्थे । एक ठाउँमा ....को भाँडा माझ्न जान्थे । अनि दिउसो चाहिँ अधियारीको काम गर्न जान्थे ।

त्यसरी तपाई लाग्नु भएको है । हुन्छ तपाईको समयको लागि धेरै धेरै धन्यवाद छ । तपाईको बिगतका कुराहरु भनिदिनु भयो अनि तपाईको गाउँ चाहिँ कहाँ भन्नु भयो ?

मेरो जन्म गाउँ मालाखेती वडा नम्बर ९ बाँसकोटा भन्थ्यो ।

अनि त्यहाँ चाहिँ सबैजना नै कमैया बस्नु हुन्थ्यो ?

मेरो माइतीघरको त अब झुट किन बोल्ने कमैया थिएन । बस्ने ठाँउ थियो जमिन अलिअलि तर खेती गर्न नसक्ने त्यसै ......सशुराल घर गएपछि मैले दुख पाए । मरो बुवा खेति गर्न नसक्ने मेरो बुवा अलिअलि धनी पनि थियो । कहिले उ बोलाएर लग्ने, कहिले उ बोलाएर लग्ने खेति चाहिँ त्यतिकै रहने । अनि खेति त थियो तर धान हुँदैन थियो । धान नभएरअनि समयमा खाना नपुग्ने अनि जमिनदारसँग मागेर ल्यार । पहिलाको जमना त अब तिहार भनेको त एउटा ठुलो तिहार मान्थ्यो के दशै भनेको, हाम्रो अष्टमी भनेको एउटा अट्वारी भन्ने अनिवार्य मनाउनु पर्ने हामी चौधरीको चलन थियो पहिला त्यहि कारणले हाम्रो बुवाले यसो यसो कर्जा भएर जमिन पनि सबै सकिहाल्यो ।

तपाईको बुवाको जमिन पनि पहाडियाहरुले २० हजारको १ बिघा जग्गा लिएको हाम्रो ऋण छ भनेर त्यतिकै २० हजारको १ बिघा जग्गा मेरो बुवाको एक जना बड्डाको ठूलो परिवार थियो पहिला हामी नजन्मिदार ठूलो परिवार थियो त्यसपछि घर फाट्दा खेरी एक बड्डाको डेढ बिघा जग्गा भाग थियो । २ बिघा ४० हजारमा

LOOM

लगिदियो फिरीमा । २ बिघा ४० हजारमा जग्गा मेरो बुवाको गयो अब त छैन् जग्गा १० धुर ५ धुर मात्र छ र अधिया गरेर खान्छ मेरो दाईहरुले ।

त्यस्तो तपाईहरुको जग्गा त्यसरी लियो ?

अह त्यसरी लियो जमिनदारहरुले त्यसरी लियो १ कुन्टल धानको २ ३ कुन्टल बनाए पछि अनि त्यसतै त हुन्छ नी तपाईको पहिला आमा बुवा नपढेको नलेखेको केहि थाहा नपाउँने हामी पनि हाम्रो बुवाले हामीलाई पढाएन हामीलाई पनि थाहा भएन । न दाईहरुलाई पढाए न छोरीहरुलाई किन पढ्ने भन्थे ।

हुन्छ तपाईहरु सबैजनालाई धेरै धेरै धन्यवाद ।

LOOM